# अरुण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

९८५२०८२३३३
arunrmun@gmail.com
https://arunmun.gov.np/


पत्र संख्याः २०८१/८२
चलानी संख्याः

नेपाल संवत्: ११४५

मितिः २०८२/०३/३१

**सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने लाभग्राहीहरुको नविकरण तथा लाभग्राही सूचिकरण सम्बन्धमा।**

प्रस्तुत विषयमा सामाजिक सुरक्षा नियमावली २०७६ को नियम (९) तथा सामाजिक सुरक्षा भत्ता वितरण कार्यविधि २०७७ को नियम (४) बमोजिम सामाजिक सुरक्षा भत्ताका लाभग्राहीहरुले प्रत्येक आर्थिक वर्षको भदौ मसान्तभित्र सम्बन्धित वडा कार्यालयमा आफैं उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गराउनु पर्ने भन्ने व्यवस्था अनुसार यस गाउँपालिका अन्तर्गत सात वटै वडा कार्यालय भित्र रहनु भएका सम्पुर्ण लाभग्राहीहरुलाई तपसिल काजगातका साथमा आ. व. २०८२/०८३ मा सामाजिक सुरक्षा भत्ता प्राप्त गर्नका लागि आ- आफ्नो वडा कार्यालयमा स्वयं उपस्थित भई सामाजिक सुरक्षा भत्ता परिचयपत्र नविकरण गर्नु गराउनु हुन अनुरोध छ । लाभग्राहीहरुको नाम सहितको विवरण नविकरण गराउन छुटेमा सामाजिक सुरक्षा भत्ता उपलब्ध गराउन नसकिने व्यहोरा जानकारी गराउँदछौं।

**आवश्यक कागजातहरुः**

१. सामाजिक सुरक्षा परिचयपत्र।
२. राष्ट्रिय परिचयपत्र नम्वर वा आवेदन नम्वर।
३. सामाजिक सुरक्षा भत्ता प्राप्त गर्ने व्यक्तिको हालसालै खिचेको पासपोर्ट साइजको फोटो २ प्रति।
४. लाभग्राहीको नागरिकता प्रमापत्रको सक्कल वा प्रतिलिपी।
५. विधवा महिलाको हकमा श्रीमानको मृत्युदर्ताको प्रतिलिपी र अर्को विवाह नगरेको प्रमाणपत्र वा सिफारिस।
६. अपाङ्गताको हकमा अपाङ्गता परिचयपत्रको सक्कल वा प्रतिलिपी र संरक्षकको नागरिकताको प्रतिलिपी।
७. दलित वालवालिकाको हकमा जन्मदर्ता र संरक्षकको नागरिकताको प्रतिलिपी।
८. संरक्षकको वा इच्छाएको व्यक्ति राखेको हकमा इच्छाएको व्यक्तिको नागरिकताको प्रतिलिपी।
९. अविवाहित महिलाको हकमा विवाह नगरेको प्रमाणपत्र वा सिफारिस।

जितमान जिम्मी
प्रमुख प्रशासकीय अधिकृत

# अरुण गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
प्याउली, भोजपुर
कोशी प्रदेश, नेपाल

९८५२०८२३३३
arunrmun@gmail.com
https://arunmun.gov.np/


पत्र संख्याः २०८१/८२
चलानी संख्याः

नेपाल संवत्: ११४५

---

नोटः

१. आर्थिक बर्ष २०८२/०८३ को बजेट  बक्तव्यको बुँदा नं. ३७५ मा अगामी आर्थिक वर्षदेखि (२०८२ साल श्रावण १ गते देखि) ७० वर्ष पुरा भएका नागरिकले जेष्ठ नागरिक भत्ता प्राप्त गर्ने व्यवस्था उल्लेख भएको हुँदा सोही बमोजिम जेष्ठ नागरिक अन्तरगत नयाँ लाभग्राही सूचिकरण गर्ने । हाल प्राप्त गरिरहेका, दुर्गम क्षेत्र र लक्षित बर्गका जेष्ठ नागरिकका हकमा भत्ता पाउने उमेर यथावत रहेकोले सोहि बमोजिम सूचिकरण र नविकरण गर्ने ।

२. नविकरणका लागि क बर्ग अपाङ्गता भएका, ९० वर्ष माथि र बालबालिका बाहेकका लाभग्राहीहरु स्वयम् उपस्थित हुनुपर्ने छ।

३. तोकिएको समयमा कसैले नाम नविकरण नगराएमा प्रणालीबाट नाम हट्नेछ। यदि नविकरण गर्नकालागि लाभग्राही तोकिएको म्याद भन्दा पछी आएमा पुनः नयाँ लाभग्राहीको रुपमा नाम दर्ता गर्नुपर्ने छ र सो विचको समयावधिको सामाजिक सुरक्षा भत्ता प्राप्त हुने छैन।

..............................

जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत

जितमान जिमी
प्रमुख प्रशासकीय अधिकृत